# हाडा बंश र कुलदेवता - एक अध्ययन

गंगा कर्माचार्य (हाडा)

सम्पूर्ण विश्वमा नै हाल विभिन्न जातीय संस्कृति र पुर्ख्यौलीको पहिचान तथा खोजी बारे चासो बढ्दै गएको आजको परिप्रेक्षमा नेपालमा पनि आ-आफ्नो कुल-बंशको बारेमा खोजीनीति गर्ने परिपाटी हाल देखा पर्न थालेको छ। त्यस सिलसिलामा भक्तपुर दरवार हाता वरिपरी मूल थलो बनाएर बस्ने तथा नेवार समुदायमा पनि उच्च कुलका मानिने 'हाडा' बंशको उद्‌गम स्थल र मूल पुर्खाबारे खोजीनिति गर्ने एउटा जिज्ञासा त्यस कुलका विद्वत वर्ग सामुन्ने देखा परेको छ। हाडा बंशबारे जानकारी दिने कुनै प्रकाशित पुस्तक वा लेख हालसम्म प्राप्त छैन। तैपनि प्राप्त केही पुराना अभिलेख, त्यस वंशका केही अनुभवी व्यक्ति विद्वत वर्ग र गुरु पुरोहितहरूसँग भएको छलफलका आधारमा यो लेख लेख्ने जमर्को गरिएको हो।

श्री ५ पृथ्वीनारायण शाहको जातीय वर्गीकरण (चार जात छत्तिस वर्ण) मध्ये वैश्य वर्णमा गनिने हाडा बंश सुरूदेखि नै यही नामबाट परिचित भई आएको देखिँदैन। वंशावलीहरूमा उक्त थरको उल्लेख कही पाइँदैन। मल्लकालीन अभिलेखहरूमा प्रयोग भएको 'भारो' थरसँग यसले सामञ्जस्यता राखेको देखिन्छ। नेपाल सम्वत् ६४३, ७६१, ७६२ र ७८८ अंकित थुप्रै मल्लकालीन अभिलेखहरूमा 'भारो' थर भएका व्यक्तिहरूका नामहरू धार्मिक कृयाकलापको सिलसिलामा उल्लेख भएका छन्।[१] त्यस्तै ने.सं. ८४६ को एउटा अर्को अभिलेखमा गोकुल भारो र शिल भारो का नामहरू उल्लेख भएका छन्।[२] माथि उल्लेखित अभिलेखहरूमा 'श्रेष्ठ भारोहरू' भन्ने उल्लेख पनि भएका छन्।[३] आफूलाई 'श्रेष्ठ' भन्ने एक समुदायले आफ्नो वंश 'भालु' बंशबाट 'भारो' हुँदै पछि गएर श्रेष्ठ बनेको कुरा पनि बताएको छ। तत्कालीन 'श्रेष्ठ' थरसँग सामन्जस्यता राख्ने हाडाहरूमध्ये कसैले आज भोली 'श्रेष्ठ' थर नै लेख्ने गरेको पनि पाइन्छ। धुलिखेल निवासी बयोवृद्ध अरुण श्रेष्ठ (हाडा) को भनाईमा हाडाहरू पहिले 'कायस्थ' को रूपमा परिचित थिए। मल्लकालीन प्रशासन भित्र उनीहरू भक्तपुर दरबार हाताको निरीक्षण गर्ने निरीक्षकहरूको रूपमा स्थापित थिए। हाडाकुल अन्य खस कुल, शक कुल जस्तै अभिजात्य वर्ग (श्रेष्ठ) मा पर्दछ। 'स्कथ' र 'स्कथ' बाट पछि 'कायस्थ' को रूपमा परिचित भइसकेपछि तिनीहरूले राजकीय लेख-अभिलेख राख्ने कामको जिम्मेवारी बहन गरेको पाइन्छ। त्यसैले राजकीय सम्मान प्राप्त शिक्षित र अभिजात्य कुलसँग हाडाहरूको सम्बन्ध रहँदै आएको देखिन्छ। आफूलाई भारतको राजपुत जाति

*Contributions to Nepalese Studies*, Vol. 28, No. 2 (July 2001), 295-305
Copyright © 2001 CNAS/TU

मध्येका भन्ने हाडाहरू पहिले मांशाहारी थिएनन् । उपत्यकामा प्रवेश गरेपछि उनीहरूले यहाँका नेवार समुदायसँगको उठवस र निकट सम्बन्धले तिनीहरूका कर्मकाण्डहरूलाई पनि अपनाउँदै गए । उपत्यकामा प्रवेश गरेपछि मल्ल राजाहरूले नेवार संस्कृतिलाई अपनाएर 'ना यर' बाट ब्रतवन्ध, वेलविवाह गर्नेजस्ता परम्परालाई मान्यता दिए जस्तै हाडाहरू पनि अन्ततः नेवार संस्कृतिका रक्षक नै बन्न पुगे । करिब ३९/४० पुस्ताको हाडा वंशावली उपलब्ध छ भन्ने पनि निज अरुण श्रेष्ठको भनाई रहेको छ ।

जतिबेला कुश द्विपमा 'कुश' जातिको प्रभूत्व बिकसित भयो, सोही समयतिर स्कथहरूले राजकीय लेख-अभिलेख लेख्ने कामको जिम्मेवारी बहन गरे । ईसापूर्व १५०० देखि ९०० का बीचमा स्कथहरू कायस्थमा परिचित भई सकेका थिए । 'खस' जातिको इतिहासमा यी कायस्थहरू विद्वान्, लेखपढ गर्ने राजकीय सम्मान प्राप्त शिक्षित वंशका रूपमा पाइन्छ । ईसा पूर्व तेश्रो सताब्दीसम्ममा तीं शिषित कायस्थहरूको एक शाखा "हस्त लाघभ" (छिटो लेख्ने) भइसकेका थिए । त्यस कार्य कुशलताको आधारमा तत्कालीन शासकहरूले तिनीहरूलाई "हस्त लाघभा" भन्न थाले । तात्कालीन इरानका शासकहरू "हस्त लाघभा" हरुलाई 'हस्तिन' पनि भन्दथे । राजनैतिक कारणबाट ती 'हस्त लाघभा' वा "हस्तिन" हरू इरानबाट भागेर् महाराष्ट्रमा प्रवेश गर्न वाध्य भए । महाराष्ट्र प्राकृत भाषाका वक्ताले तिनीहरूलाई 'हास्ता' भन्न थाले । कालान्तरमा 'स' को उचारण लोप हुन गएर 'त' ध्वनि दोहरिएर तिनीहरूलाई 'हात्ता' भन्न थालियो ।

माथि उल्लेखित धुलिखेल निवासी श्री अरुण श्रेष्ठ र श्री नरबहादुर श्रेष्ठका अनुसार दक्षिण भारतका कुलकर्णी वंशका मुस्लिम शासकहरूको अत्याचार सहन नसकी वि.सं. १७० का आसपासमा 'हास्ता' वंशी परिवारहरू अन्य कुलका परिवारहरू सँगसँगै भागेर आफ्नो सुरक्षाका लागि हिमालयको फेदीतर्फ प्रवेश गरेका थिए । तिनै कुलहरूमध्ये वर्तमान हाडा-वंशका पुस्ताहरू पाल्हि र प्राकृत भाषाका वक्ताका प्रभावमा परेर 'हात्ता' हुँदै 'हाडा' बनेका हुन् । हाडावंशका अन्य वयोवृद्धहरू पनि आफ्नो वंशको उद्‌गम स्थल दक्षिण भारत (महाराष्ट्र/आन्ध्र प्रदेश) हो भनी बताउनु हुन्छ । मुसलमानी शासकहरूको अत्याचार सहन नसकी आत्मरक्षाको खातिर ती 'हाता' राजपूत कुलका परिवारहरू हिमालय क्षेत्र नेपालतिर आश्रय लिन गए र पछि उपत्यकामा उनीहरूको प्रवेश भएको हो भन्ने पनि ती बयोवृद्धहरूको भनाइ रहेको छ ।

हाडा कुलदेवता घरको प्रवेशद्वारको बायाँतिर रहेको संवत् ७९३ को शिलापत्रमा "कल्याण सिंह पालु" र संवत् ८४६ को अर्को ताम्रपत्रमा "मेरु सिंह भारो" नाम परेका छन् ।[४] यो 'सिंह' थरको सम्बन्ध हरिसिंह देवका उत्तराधिकारीहरूसँग रहेको पनि हुन सक्छ । जयस्थिति मल्लका महामन्त्री र धर्ममल्लका प्रधानमन्त्री पनि जय सिंहराम रहेका थिए । जयस्थिति मल्ल राजा हुँदाको समाजमा राजकुलसँग सम्बन्ध राख्ने या शासन कार्यमा भाग लिने धेरै जमीनजेथा भएकाहरूमध्ये मल्ल, ठकुरी, भारो र मुल्मी थर भएका थिए भन्ने कुराको इतिहासमा उल्लेख छ । एघारौं शताब्दिमा मही भारो, शिल भारोले दिक्षा मन्त्र लिएको कुराको पनि इतिहासमा उल्लेख छ ।[५] शाहकालीन अभिलेखमा पनि 'भारो' थरको उल्लेख भएको

पाइन्छ । माथि उल्लेखित 'पालु' र 'भारो' थरले एउटै वंशलाई सूचित गर्दछ । यसबाट 'सिंह', 'भारो'हरूले मल्लकालीन समाजमा उच्च स्थान प्राप्त गरेको स्पष्ट हुन्छ ।

जयस्थिति मल्लले नेवार समुदायलाई ६४ जातिमा विभक्त गरेको कुराको उल्लेख वंशावलीहरूमा परेको छ ।[६] तिनै ६४ जातिमध्ये उच्च श्रेणीमा पर्ने भारो या हाडाकुलको सुरुवात कसबाट भयो भन्ने कुराको एकीन त्यस कुलका व्यक्तिहरूबाट हुन सकेको छैन । हाडा कुलदेवता घरको ढोकाका अभिलेखहरूमा 'भारो', 'सिंह', 'पालु' आदि थर उल्लेख भएबाट तिनीहरूको कुल (वंश) बारे अलमलमा पर्ने स्थितिमा आएता पनि हाडाहरूले हाल बोलीचालीमा प्रयोग गर्ने गरेको (लोरा, न्हुछें, इकंकपा विजुक्छे) र लेख्ने गरेको विजुक्छे, श्रेष्ठ थर जस्तै उक्त "सिंह भारो", "सिंह पालु" पनि हुन सक्ने अनुमान गरिएको छ । आफूले तयार पारेको हाडा वंशावलीबाट पनि हाडा थर कसरी र कहाँबाट सुरू भएको भन्ने एकीन नभएको कुरा श्री नारायण भक्त हाडा (लोरा) बताउनु हुन्छ ।[७]

उक्त प्रश्नकै सम्बन्धमा श्री केदार राज राजोपाध्यायसँग भएको छलफलमा पनि "हाडा" थरको थालनी कस्ले गरेको भन्ने बारेमा एकीन गर्न नसकेको वहाँ बताउनु हुन्छ । भारतका 'हाण्डा' अथवा 'हारा' थरसँग नेपालका हाडाहरूको कुनै सम्बन्ध छ कि भन्ने प्रश्नको जवाफमा वहाँ भन्नु हुन्छ कि हाडाहरू भारतबाट नेपाल पसेको कुरा सत्य हो । सुरूमा ती दुइको बीचमा सम्बन्ध भएको भए पनि हाल कुनै सम्पर्क वा सम्बन्ध भएको देखिँदैन । हाडा वंशमा समय र स्थान अनुसार आफूलाई श्रेष्ठ, प्रधान र विजुक्छे भनी परिचित गराउनेहरू पनि धेरै छन् । घरायसीमा मात्र होइन सरकारी कागजातहरूमा पनि विजुक्छें लेख्नेहरू पनि देखिन्छन् भन्ने वहाँको भनाई हो ।[८]

भारतका केही स्थानमा हाडा थर भएका व्यक्तिहरू हाल पनि कायमै भएको कुराको केही प्रमाणहरू यहाँ प्रस्तुत गर्नु उपयुक्त होला । भक्तपुर निवासी श्री कपिल हाडाका सुपुत्र मिलन हाडा, वि.सं. २०५५-०५६ तिर फूटबल खेलको सिलसिलामा राजस्थानमा केही समयको लागि भ्रमणमा जाँदा उनको 'हाडा' थर भएको व्यक्तिसँग भेट भएको र त्यहाँ २००, ३०० जति हाडाहरू बसोवास गर्ने गरेको कुरा उनले बुझेको पनि सुत्रले बताए । त्यस्तै भारतीय दूरदर्शन च्यानलबाट २०५७-८-११ गते बेलुका १० बजेतिर प्रशारित एक समाचारमा Kan Sing Hada को नाम (अंग्रेजीमा) उल्लेख भएको थियो । भारत सरकारको जेल सुधार सम्बन्धि कार्यकमको सिलसिलामा उनको नाम उल्लेख भएको थियो । यसबाट सिंह हाडाहरू भारतमा हाल पनि कायमै भएको तर हाल नेपालका हाडाहरूसँग तिनीहरूको कुनै सम्बन्ध नभएको पनि स्पष्ट हुन्छ ।

काठमाडौं भन्दा बाहिर व्यवसायको सिलसिलामा रहँदा हाडाहरूले हाडा थर नलेखि 'प्रधान' अथवा 'श्रेष्ठ' लेख्ने गरेको पनि अनुमान हुन्छ । हाडा वंशमा 'विजुक्छें' भनी आफूलाई चिन्हाउनेहरू मध्ये हाल ने.म.कि.पा.का अध्यक्ष तथा साँसद श्री नारायणमान विजुक्छें पनि एक हुनुहुन्छ । सुरूदेखि नै वहाँले 'विजुक्छें' थरबाट आफूलाई चिन्हाउँदै आउनु भएको छ । यसबाट हाडा या विजुक्छें एउटै वंशका दुई नाम हुन् भन्ने बुझिन्छ । हाडाहरूलाई "विजुक्छें' किन भनिएको बारे विस्तृत विवरण तल दिइँदै छ ।

**हाडा वंशका मूल पुरुष**

हाडा कुल देवता घरको प्रवेशद्वारको बायाँतर्फको सम्वत् ८४६ अंकित अभिलेखमा चन्द्र हासको नाम परेको छ । हाडा कुलका व्यक्तिहरू उनलाई आफ्नो मूल पुरुष मान्दछन् । तिनीहरूको मौखिक परम्पराअनुसार हाडा कुलका मूल पुरुष मानिने तीन दाजुभाइहरू थिए । तीनमा जेठो चन्द्र हास, माहिलो षसि हास र कान्छो रज हास थिए । केही समयअघि तीन पुरुषहरूका शाखा सन्तान बढेर व्यापक भएपछि व्यावहारिक कठिनाईहरूलाई ध्यानमा राखि तीन पुरुषका सन्तान तीन शाखामा विभाजित भए । तिनीहरू क्रमशः जेठोका थाथु, माहिलोका दथु र कान्छोका कुथु समूह बन्न गए । उक्त विभाजन पछि हाडाहरूको कर्मकाण्डको लागि शाखाहरु पनि छुटिए । एक शाखा भित्र १३ दिने दाजुभाइहरु मात्र पर्न गए । औपचारिक रूपबाट नभए पनि अनौपचारिक ती शाखाहरू भित्र धेरै नाम-थर हुँदै आए । जस्तै जेठो चन्द्र हासका सन्तानको शाखालाई 'इकं कप्पा' भन्ने पनि सामूहिक नाम दिइयो । 'इकं' एक प्रकारको सागको नेवारी नाम हो । यस शाखाका वहुसंख्यक परिवार खेतीवाल भएको कारणबाट यो नाम हुन गएको हो भन्ने धारणा त्यहाँका वयोवृद्धहरूको धारणा रहेको छ ।

त्यस्तै माहिलो षसिहासको सन्तानको खलकलाई "लोरा, विजुक्छें, घ्यू: साहु, न्हुछे" आदि नामबाट पुकार्ने गरिन्छ । प्रायः पेशाको आधारमा यी नामहरू रहन गएका देखिन्छन् ।

कान्छो रज हासको सन्तानको खलकलाई 'खिमुरु' नामबाट पनि पुकारिने गरिन्छ । यो शाखा छोरीबाट भएको भन्ने विश्वास गरिन्छ र यो समुहले कुल देवताका धेरैजसो पूजाहरूमा भाग लिन नपाइने प्रावधान पनि रहेको छ भनिन्छ ।

यसरी ती समूहहरुमा आ-आफ्नो रीति र व्यवहार अलग अलग भए पनि, कुल देवता सम्बन्धी पूजा भने सबै समूह एक भएर चलाउने गर्दछन् । ती तीनै समूहको सामूहिक नाम पनि 'विजुक्छें' नै रहेको छ ।

**हाडा कुलदेवताको स्थापना**

भक्तपुर दरवार हातामा पर्ने हाडा कुलदेवताको स्थापना त्यहाँ कसरी भयो भन्ने कुरा उक्त देवताको चोकको भित्तामा कुँदिएको अभिलेखबाट स्पष्ट हुन्छ । सो अनुसार परापूर्वकालमा मध्य भारतमा मुसलमानहरूको हिन्दू प्रति कठोर व्यवहार भएपछि एउटा देवतालाई बचाउनको निमित्त भगीरथ समुद्रमा फाली राखेको बेला उक्त देवतालाइ त्यहाँबाट निकाली अन्यत्र लैजानु भन्ने सपना कुनैलाई भएकोले, सो मानिसले पनि उक्त सपना अनुसार ती देवतालाई समुद्रबाट झिकी साथै लिएर भक्तपुरमा आई बसे । त्यसपछि उक्त देवतालाई कहाँ र कहिले स्थापना गर्ने भन्ने बारेमा पनि देवीले नै सपनामा सिकाए अनुरूप एक निश्चित समय र स्थानमा एउटा सर्प पनि आएर बसेको देखेपछि सोही स्थानमा हाडा कुलदेवताको स्थापना गरिएको थियो । पछि सो स्थानको नाम 'विजुक्छैं' भन्ने (नेवारी) नामाकरण गरियो अर्थात् विजुक + चुकछैंबाट 'विजुक्छैं' (सर्प खसेको चोकघर) भएको हो ।

पछि हाडाहरूले यही स्थानको नाम 'विजुक्छैं' लाई थरको रूपमा लेख्ने गरे । 'विजुक्छैं' शब्दले सम्पूर्ण हाडाहरू भन्ने वोध पनि गराउँछ ।[९]

हाडा कुलदेवताको स्थापना सम्बन्धी अन्य कुनै ठोस ऐतिहासिक प्रमाण नपाइएकाले यसलाई अभिलेखमा किंवदन्तीको रूपमा पनि प्रस्तुत गरिएको हो । तर अन्य कुलका कुलदेवता स्थापना सम्बन्धी घटनाहरूको विचार गर्दा यो घटना पनि सत्यको केही नजिक पुगेको मान्नु पर्छ । सिम्रौनगढका राजा हरिसिंह देवले आफूसँग ल्याएकी तुलजा भवानीलाई भक्तपुर मूलचोकमा स्थापित गरेको सम्बन्धमा पनि यस्तै कथा जोडिएका छन् ।[१०]

नेपालमा तुलजा भवानीलाई सूर्यवंशी हरिसिंह देवले नै भित्र्याएका हुन् भन्ने कुरामा इतिहासकारहरूको सहमती रहँदै आएको छ । सन् १३२५ मा भारतीय मुसलमान शासक गयाशुद्दिनले सिम्रौनगढ माथि आक्रमण गर्दा हरि सिंह देवले त्यहाँ आफूद्वारा स्थापित उक्त भवानीलाई समेत सँगै लिई भक्तपुर आई पुगेका थिए । उनले त्यसरी साथमा तुलजा भवानी ल्याएकाले उनी नेपालमा विशेष रूपले प्रसिद्ध हुन गए । मल्ल राजाहरूले इष्ट देवी र कुल देवताको रुपमा पनि पूजने गरेकाले तुलजा भवानी सर्वसाधारणकी देवी भएन ।[११] यसै सिलसिलामा द्रव्य शाहका मन्त्री गणेश पाँडेले (पाँडेवंशका मूल पुरुष) पाल्पाबाट बोकाएर ल्याएको कुलदेवतालाई गोरखाको भुसुण्डिको एउटा मन्दिरमा स्थापना गरेको कारणबाट उनी त्यस क्षेत्रमा निकै लोकप्रिय बन्न गएको कुराको वर्णन पनि यहाँ सान्दर्भिक नै देखिन्छ ।[१२] अर्थात् लिच्छवि र मल्लहरूले अपनाए जस्तै आक्रमणकारी मुस्लिमहरूसँगको संघर्षको दौरान आत्म सुरक्षाको निमित्त आफ्नो मूल वासस्थान (भारत भूमि) लाई छोडि सुरक्षित स्थानको खोजमा हाडाहरू पनि नेपालमा पसेको हुनुपर्छ । भक्तपुरमा कुल देवताको स्थापना गरेको कारणबाट नै हाडाहरू त्यस क्षेत्रमा संस्कृतिको विकासमा संलग्न उच्च वर्गको रूपमा प्रसिद्ध भएका छन् ।

**हाडांकुल देवता र तुलजा भवानी**

भक्तपुर दरवार हातासँगै रहेको प्राचीन शैलीमा निर्माण भएको हाडा कुलदेवताको घरलाई हाडाहरू आफ्नो मुख्य तीर्थस्थलको रूपमा लिन्छन् । करीव दुई रोपनी जग्गाभित्र तीन वटा चोकहरूमा फैलिएको यो कुलदेवताको घर चौघडा आकारमा निर्माण भएको छ । अनेक देव देवीका मूर्तिहरूले सम्पन्न उक्त स्थलमा हाडा खलकका सर्वसाधारणले र दिक्षुकधारीहरूले मात्र प्रवेश पाउने पनि हुन्छ । अनेक उत्सव, चाड-पर्वहरूमा सबै हाडाहरू यहाँ एक चित्त भएर आफ्नो सांस्कृतिक परम्पराको परिचालनमा संलग्न हुने गर्दछन् । उक्त क्षेत्रमा प्रवेश गरेपछि ऊँच, नीच(धनी, गरीब)को भावना कसैमा रहँदैन । नयाँ पुस्तामा पनि यस्तै प्रकारको मानसिकता पाइन्छ । भक्तपुर दरवार हातामा हाडा कुलदेवता घर नजिकै रहेकी मल्ल राजाहरूकी इष्टदेवी तुलजा भवानीलाई हाडाहरू आफ्नो कुल देवताकी दिदीको रूपमा मान्ने गर्दछन् । दुवै स्थानमा गरिने पूजाहरू राजकीय सम्मानमा बाहेक प्रायः समान्य नै रहेको देखिन्छ । दशैंको लामो पूजा सुरू हुनुभन्दा पहिले तुलजा भवानी कहाँबाट केही पूजाको सामान हाडा कुल देवता कहाँ ल्याई पुऱ्याउने परिपाटी आजसम्म रहँदै आएको छ । यस

परिपाटीलाई त्यस कुलका वयोवृद्धहरू दुवै कुलदेवताका बीचमा दिदी बहिनीको सम्बन्ध भएको कारणको परिणाम बताउँछन् ।

भक्तपुरको प्रसिद्ध नव दुर्गा नाचसँग पनि हाडा कुलदेवताको सम्बन्ध रहेको देखिन्छ । वर्षेनी विलाछें (दरवार हाता) मा नचाउने नव दुर्गा नाचको सुरू र पछि पनि हाडा कुल देवताको बाहिरी चोकमा देवगणहरू जम्मा हुने, विश्राम गर्ने गर्दछन् । सोही चोकमा दशैंमा हाडा कुलदेवताको तर्फबाट नव दुर्गा भवानीलाई वेल विवाह गर्ने भनी पूजा गर्ने परम्परा पनि रही आएको छ ।

## हाडा कुलदेवताको पूजा व्यवस्था

दैनिक रूपमा गरिने पूजा बाहेक वर्षभरीमा वार्षिक, अर्धवार्षिक र मासिक पूजाहरू हुने गर्दछन् । वर्षभरीमा करिव दुई महिना जतिको अवधि पूजामा बित्ने गर्छ । ती पूजाहरूमा विक्षुकधारीहरूले मात्र भाग लिन्छन् । उक्त पूजाहरू यस प्रकारका छन्:-

१. ललासप्तमी- हाडा वंशका मूल पुरुषमध्ये एक मानिने षसिहासको नाममा श्राद्ध तर्पण गर्न प्रत्येक वर्षको माघ महिनामा यो अनुष्ठान हुने गर्दछ । कुलदेवताको निमित्त उक्त मूल पुरुषले प्रशस्त जग्गा-जमिन प्रदान गरेको कारणले उनको सम्झनामा यसरी श्राद्ध तर्पण गर्ने गरेको छ ।

२. भुसादान- असार महिनामा हुने यो प्रतिस्थापन पूजा चार दिनसम्म चल्दछ ।

३. पूच्छा- श्रावण महिनाको अन्ततिर गरिने यो पूजाको अवधि चार, पाँच दिनको हुन्छ । सो अवसमारमा दिक्षुकधारी बाहेक अन्यलाई पनि मन्दिरभित्र रहेका देवदेवीको दर्शन गर्ने अवसर प्राप्त हुन्छ ।

४. दशै कर्म- आश्विन महिनाको घटस्थापनाका दिनदेखि सुरू हुने यो सबै भन्दा ठूलो र धेरै दिन चल्ने पूजा हो । कुलदेवता कहाँ प्रत्येक दिन विहान दर्शनार्थीहरूको लाम लागेको हुन्छ ।

५. घन्छा- चैत्र महिनामा गरिने यो पूजा चार पाँच दिनसम्म चल्ने गर्छ । पूजाको विधि विधान पछि व्रत उपवास टुंगिने हुन्छ ।

६. चह्रे पूजा (मासिक पूजा)- प्रत्येक महिनाको चतुदर्शीको दिनमा गरिने यो पूजा वर्षमा वाह्र पटक गरिन्छ ।

उपरोक्त सबै पूजाहरू थाथु र दथु दुई समूह मिलेर चलाउने गर्छन् । ती पूजाहरुमा कुथु समूहको कुनै सहभागिता हुँदैन । कुल देवता तर्फबाट प्राप्त आम्दानीको हिस्सा पनि सो समूहले नपाउने प्रावधान छ ।

## पूजारी र सहायकहरू

यसरी वर्षभरीमा पटक पटक गरी धेरै पल्ट पूजा चलाउनु पर्ने भएकोले पूजारीको छुट्टै व्यवस्था गरिएको छ । थाथु समूह तिरबाट 'नायो' र दथु समूहबाट 'नकिं' राखेर संचालन हुने

कुलदेवताको पूजाहरूमा पूजारीको सकियता रहने हुन्छ । नकिंको स्थान पहिलो र नायोको स्थान दोश्रो हुने भएकोले हाडा परिवारमा मातृसत्तात्मक प्रथालाई कायमै राखेको स्पष्ट हुन्छ । तोकिएकै दिक्षुकधारी कर्माचार्यले मात्र पूजाको लागि प्रवेश पाउने प्रावधान रहेको छ । हरिसिंहदेव नेपाल पस्दा आफ्नो साथमा ल्याएका आचार (आचार्य, कर्माचार्य) हरूबाट नै सुरूदेखि नै त्यहाँ पूजा हुँदै आउने गरेको छ । दैनिक र अन्य पूजाहरूको लागि पूजाहारीलाई खेतको आन्दानी छुट्याइएको छ । त्यसको अतिरिक्त समस्त हाडा खलकमा हुने कर्मकाण्डहरू र उत्सवका पूजाहरूमा उनलाई पुजारीका रुपमा राखी पूजा गर्ने चलन भएकोले त्यसबाट पनि केही आम्दानी उनलाई प्राप्त हुन्छ । कुलदेवता घरको रेखदेख, सरसफाइको निमित्त (कुसले सरहको काम गराउन) पनि केही मानिसहरूलाई आवासको सुबिधा दिएर राखिएका हुन्छन् ।

## हाडा कुलदेवताको आयस्ता

भक्तपुर जिल्ला भित्र आफ्ना प्रशस्त गुठी जग्गाहरू भएको कारणबाट हाडा कुल देवतालाई तलेजु भवानी पछिको धनी कुल देवता मानिन्छ । वि.सं. २०२१ सालको भूमि सुधार ऐनले यसको आम्दानीमा निक्कै असर पुऱ्याएको भए पनि हाल पसल र घरको भाडाबाट सो क्षतिपूर्ति गर्नसक्ने क्षमता रहेको छ । वर्ष भरीमा हुने पूजाहरूमा खर्च गरेर पनि कुल देवता घरको मर्मत संभारको लागि खर्च धान्न सक्ने यस्को क्षमता छ । कुलदेवतासँग यति धेरै गुठि खेत रहनुको पछाडि एउटा किंवदन्ती रहेको छ । सोअनुसार हाडा कुलका एक मूल पुरुष मानिने षसिहासले धर्म पुत्रको रूपमा पालेका कुनै व्यक्ति काजी पदमा पुगेको कारण तत्कालीन मल्ल राजासँग उनको राम्रो सम्पर्क रहेको थियो । एक दिन भक्तपुर दरबार हातामा राजाको सवारी हुँदा उक्त काजी पनि साथमा थिए । लौरोले टेकेर राजाको दर्शन गर्न भनि आएका षसिहासलाई राजाले देखे पछि "उनले टेक्न सक्नेसम्मको जमीन उनलाई प्रदान गर्नु" भन्ने राजाको हुकुम भएछ । उनले आफूले पाएको सम्पूर्ण जमीन हाडा कुलदेवताको निमित्त प्रदा गरी दिएकाले नै हाडाहरूलाई आफ्ना कुलदेवता, संस्कृति र परम्परालाई जीवन्त राख्न धेरै सजिलो भएको हो । कुलदेवता घरसँगै हात्तीको तवेला (किसिगः) पनि केही वर्ष अघिसम्म रहँदै आएकाले त्यहाँ हात्ती पनि पाल्ने गरिन्थ्यो भन्ने कुरा बुझिन्छ ।

## आगं (कुलदेवता) समिति

हाडाहरूको विशेष धार्मिक महत्व भएको र एक मात्र प्रमुख तीर्थस्थल र मिलन केन्द्रको रूपमा रही आएको आफ्नो कुलदेवताको स्थान र सम्पत्तिको सुरक्षा गरी त्यहाँ संचालन हुने पूजा आजालाई व्यवस्थित तरिकाले संचालन गर्न वि.सं. २०३५ पौष २९ गतेका दिन १५ सदस्य रहेको एक आगं समितिको गठन भएको थियो । वि.सं. २०४७ मा केही सदस्यहरूको नाम हेरफेर गरी रामदास हाडाकै अध्यक्षतामा पुर्नगठित भएको अर्को समितिले धेरै महत्वपूर्ण कार्यहरू गरेको थियो । प्रत्येक महिनामा बस्ने उक्त समतिको बैठकले कुलदेवताको आम्दानी खर्चको लेखाजोखा गर्ने गर्दछ ।[१३]

कुलदेवता भक्तपुरमा भएको कारणबाट हाडाहरूको मूल थलो भक्तपुर नै हुनुपर्छ। पछि पहाड, तराईतिर छरिएर हाडाहरूले धनुषा, मोरंग, झापा, सर्लाही, रौतहट, बारा, पर्सा, बाग्लुङ्ग, कास्की, पाँचथर आदि स्थानमा पनि बसोवास गर्दै आएका छन्। विभिन्न सामाजिक, आर्थिक, राजनैतिक जस्ता कारणहरूले उनीहरू उपत्यकाबाट बाहिर विभिन्न ठाउँमा छरिएर रहन पुगे।

## उपसंहार

सम्पूर्ण हाडाहरूलाई एउटै सूत्रमा बाँधेर आफ्नो सांस्कृतिक परम्परालाई अघि बढाउने सामर्थ्य कुलदेवतासँग भएकाले हाडा कुलको आफ्ना कुलदेवतासँग गहिरो र अटुट सम्बन्ध रहँदै आएको छ। कुलदेवता घरमा प्रवेशको निमित्त केही कडा नियमहरू रहेका छन्। ती नियमहरु जाति पाती र छुवाछुतसँग विशेष रूपले संवद्ध छन्। वि.सं. २०२० भदौ १ गतेको मुलुकी ऐनले पनि त्यसमा खास प्रभाव पार्न सकेको छैन। दिक्षुकधारहिरूको संख्या हाल केही कम भएका कारण पूजा संचालन गर्न केही समस्या पर्ने स्थिति देखिएकोमा, दिक्षा मन्त्र लिने सम्बन्धमा हाल विद्यमान नियमहरू खुकुलो भएमा सो लिन चाहने समूह पनि तयार छ भन्ने कुरा सुनिएको थियो।[१४] तर अघिल्लो वर्ष २०५७, श्रावण १८ गते देखि २३ गतेसम्म हाडा आगं समितिले कुल धर्म अनुसार दिक्षाको प्रशिक्षण दिने कार्य सम्पन्न गरेको कुरा समाचार पत्रहरूमा प्रकाशित भएको थियो। थाथु तथा दथु सदस्य महिला-पुरुष गरी जम्मा १४ जनालाई दिक्षा दिन उक्त प्रशिक्षण कार्यक्रम विधि पूर्वक हाडा आगं समितिले आयोजना गरेको थियो।[१५] पुरानो पुस्ताका अतिरिक्त नयाँ पुस्तामा समेत आफ्नो साँस्कृतिक परम्परा कायम राख्ने जागरूकता र आफ्नो परम्परालाई कायम राख्नमा तत्पर भएको यसबाट स्पष्ट हुन्छ। यसरी सरकारी लेख-अभिलेखहरू दुरुस्त राख्ने पेशा भएका, कायस्थको रुपमा नेपालमा देखा परेका हाडाहरूले प्राज्ञिक, प्राविधिक र व्यावसायिक क्षेत्रबाट देशको सेवामा योगदान पुऱ्याउँदै आएका छन्। राजनैतिक क्षेत्रमा पनि प्रशस्त योगदान पुऱ्याउने यो वंशले नेपालमा हाँस्य-कलामा पनि आफ्नो छवि छोडेको छ।

## पादटिप्पणी

१. धनवज्र वज्राचार्य, मध्यकालका अभिलेख, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., कीर्तिपुर, नेपाल: २०५६, पृ. ४, ५-७, ८४, ८६-८७, १५६।

२. D.R. Regmi, *Medieval Nepal*, Part II, Firma K.L. Mukhopadhaya, Calcutta: 1966, p. 76.

३. धनवज्र वज्राचार्य, पादटिप्पणी नं. १, पृ. ८६-८७।

४. परिशिष्ट नं. १ क र ख।

५. सूर्य विक्रम ज्ञवाली, नेपाल उपत्यकाको मध्यकालीन इतिहास, रायल नेपाल एकेडेमी, काठमाडौं: २०१९, पृ. ७८, २७५-७६।

६. ऐजन, पृ. ८०।

७. वि.सं. २०५६।१२।२५ मा श्री नारायण भक्त हाडाको निवासमा भएको भेट वार्ता ।

८. वि.सं. २०५७।४।११ गते गुरु पुरोहित श्री केदार राज राजोपाध्यायसँगको भेट वार्ताबाट सो कुरा बुझिएको हो । वैकिंग कारोवारमा स्व. दैवरत्न हाडाले र श्री केशर लाल हाडाले भूमिसुधार मालपोत अड्डाको ३०, ३५ वर्ष अधिका कागजपत्रहरूमा आफ्नो थर विजुक्छैं लेख्ने गर्नु भएको र हाडा दिदी-वहिनीहरू साँस्कृतिक कार्यको परिचालनमा अन्य वंशभन्दा अघि पर्छन् भन्ने पनि वहाँको अभिव्यक्ति हो ।

९. परिशिष्ट नं. २ ।

१०. लीला भक्त मुनंकर्मी, मध्यकालीन नेपाल, रत्न पुस्तक भण्डार, काठमाडौं: २०२५, पृ. ८-११ ।

११. देवेन्द्र कुमार आँसु, "नेपालमा तुलजा भवानीको पूजन-परम्परा", गोरखापत्र, २९ असोज २०५६, पृ. 'ग' (शनिवारीय परिशिष्ट ग) ।

१२. भीमबहादुर पाण्डे क्षेत्री, राष्ट्र भक्तिको झलक, रत्न पुस्तक भण्डार, काठमाडौं: २०४१, पृ. २ ।

१३. हेर्नुहोस् परिशिष्ट नं. २ ।

१४. २०५६ भाद्रमा श्री नरेन्द्र भक्त हाडासँग वहाँकै निवासमा भएको भेटवार्ता ।

१५. "हिन्दू धर्म संरक्षण गर्न पहल", नेपाल न्यूज -साप्ताहिक २०५७ भदौ ३ गते शनिवार र "मातृ सत्तात्मक हाडा-विजुक्छैं समाजमा दीक्षा", कान्तिपुर (नेपाल राष्ट्रिय दैनिक), २०५७ मंगलबार (अगष्ट २९, २०००) ।

**परिशिष्ट नं. १ "क"**

शिला पत्र (हाडा कुलदेवता घरको ढोकाको बायाँ) (जम्मा ४ हरफको)

सम्वत ७९३ मार्ग सिर शुल्क पूनिष रो
हिनी नक्षत्र साध्ययोग आदित्ववार ध्व
कुन्हु श्री३ आगम जुयके कल्याण सिंह
पालुन निम्हा स्त्री पुरुषन विलींपती तोरङ (तोरण)

**परिशिष्ट नं. १ "ख"**

ताम्रपत्र (हाडा कुलदेवता घरको ढोकाको बायाँ) (जम्मा ७ हरफको)

नैपालिके रसयुग द्विप संमिताद्वे, माघे सितेस्तर तिथौ गुरु पुण्यण्यु
पुच्छत्तम सुवर्ण रक्षतम चुस पुष्य मातम, देवेइसमर्पित मिदम कलषौ परिष्ठम ॥ चनदन
धीमता साद्धम मेरुतिहा नुजन चपत्याग चुकु ति नाम्नाच स्वेस्तेषी परिष्टय ॥
सम्वत ८४६ माघ शुक्ल त्रवोदशी तिथि, पुष्य नक्षेत्र आयुक्षमान योगे वृहस्पवाल थो
कुन्हु श्री श्री श्री स्वेष्ट देव प्रितिन चन्द्रहाशे, स्त्री चुकुती मयि किज मेरुसिंह भारोन
स्वम्हास न छत्र स्वान माल दुता ॥ शुभ ॥

## परिशिष्ट नं. २

### हाडा कुलदेवता घरको चोकको भित्तामा रहेको अभिलेख

श्री कुल देवताय् नमः

हाडा (विजुक छैं) आगं समिति

हाडा खलकया आगंद्योया गुकथं स्थापना जुल धैगु खंय् किंवदन्ति अनुसार न्हापा परापूर्वकाले हाडात मध्य भारतते मुसलमान तयगु हिन्दु प्रतिया व्यवहार कथोर जुया छम्ह द्योयात भगिरथ खुसी वांछ्वया तः गुलिं उम्ह द्योयात भगिरथ खुसिनं लिकया मेथाय् यंकी धका म्हगसे क्यंगुलिं उम्ह मनुनं व द्यो लुइका नेपाः देया ख्वप वया च्वंवल । अलंलि उम्ह द्योयात गनस्थापना याय्गु धका म्हगसे जुःगु वखते, वयात हे म्हगसे द्यो नं. "थुखुनुया दिने, थुगु थासय् आकासं वि छम्ह जुवई, वहे वि जुवगु थास्य हाडा तयगु आगंद्योया स्थापना यानाब्यु" धैगु क्यंगुलिं उगु खास दिने, उगु थासे वि छम्ह जुया च्वंगु खना अनहे हाडा तय्गु आगं द्यो या स्थापना याना थ्व थाय्या नां 'विजुक छैं' घका नामाकरण यागु जुल ।

थन्यागु विशेष धार्मिक महत्व दुगु व हाडा तय्गु छगु मात्र मुख्यगु संगम स्थल जुया च्वंगु आगं द्योयात पुर्खा तय्सं विशेष धार्मिक आस्थां समर्पण याना न्हापानं इले व्यले जिर्णउद्धार याना थकुगु व, थाय व सम्पत्तिया सुरक्षा व उकिया परिचालन वांलाक याना दच्छीया दुने तःगु प्रकारया पूजा आजा यात व्यवस्थित रूपं चलेयाना वनेया लागिं वि.सं. २०३५ साल पौष २९ गते खुन्हु १५ जवानमा छगु हाडा समिति या निस्वनेगु ज्या जुल । उगू आगं समितिया स्थापना कालं निसें अनवरत रूपय् थौतक आगंद्योया सुरक्षा, पूजा संचालन व विभिन्न सुधारया ज्यायाना वैच्वंगुं भ्रोले २०५३ साल शिवरात्रीया दिने जिर्णजुया दुंवयत्यंगु आगंछेंया पुर्विय खण्डया पुनः निर्माणया लागि शिलान्याश जुल । दांया व्यवस्थाया लागि आगंया जग्गा अधिग्रहनं प्राप्त जुवगु रकम व उकिया ब्याज याना ३, ८४, १३६।- व आगंया पस वालं वइगु ध्यवा हत्ता कया वगु रकम ३,९०,०३०।- व आगंया कोसे ५७,२५९।९४ नापं याना जम्मा रकम ८,३१,४२५।९४ लागतया आगंछेंया पुनः निर्माण याना वि.सं. २०५४ साल चैत्र ८ गते शनिवारया दिने श्रद्धा भक्ति पूर्वक क्षमापूजा सम्पन्न याना आगंछेंया पुनः निर्माणया ज्या सम्पन्न जुल ।

इति संवत् २०५४ साल, चैत्र ८ गते शनिवार शुभम् ।